# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ८ संख्याः २ मितिः २०८२/०३/१५

**भाग-१**

**विनियोजन ऐन, २०८२**

**प्रस्तावनाः** पैयूँ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो ऐन बनेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "पैयूँ गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.४०,६३,१९,०००।- (अक्षरेपी चालीस करोड त्रिसठ्ठी लाख उन्नाईस हजार मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः**

(१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त पैयूँ गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने रकम अनुसुची १ मा उल्लेख गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। चालू शीर्षकबाट पुँजीगत शीर्षकमा सार्न सकिने छ, पूँजीगत शिर्षकबाट चालू शिर्षकमा सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

(४) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने गरी विनियोजन गरिएका गाउँपालिका स्तरीय बार्षिक योजना तथा कार्यक्रमहरु अनुसूची- २ मा समावेश गरिएको छ।

(५) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने गरी विनियोजन गरिएका वडास्तरीय बार्षिक योजना तथा कार्यक्रमहरु अनुसुची -३ मा समावेश गरिएको छ।

**अनुसूची- १**

(विनियोजन ऐनको दफा २ सँग सम्वन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकम रु.

| क्र.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च रु. | पुँजीगत खर्च रु. | वित्तीय व्यवस्था रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ३०९,९१५,८८० | ९६,४०३,१२० | - | ४०,६३,१९,००० |
| | | प्रतिशत | ७६ | २४ | - | १०० |

आज्ञाले

जिवन गैरे

प्रमुख प्रशासकीय अधिकृत